# कृषि तथा पशुपंछी प्रोत्साहन सम्बन्धी कार्यविधि, २०८१

दिप्रुङ चुइचुम्मा गाउँपालिका गाउँ कार्यपालिकाको सैतिसौं बैठकद्वारा मिति २०८१/०१/२३ गते पारित कृषि तथा पशुपंछी प्रोत्साहन सम्बन्धी कार्यविधि, २०८१ प्रमाणित गरेको छु।

लोकेन्द्र राई

अध्यक्ष

## दिप्रुङ चुइचुम्मा गाउँपालिका

## खोटाङ

# कृषि तथा पशुपंछी प्रोत्साहन सम्बन्धी कार्यविधि, २०८१

## प्रस्तावनाः

दिप्रुङ चुइचुम्मा गाउँपालिका नेपालमा पाइने तिनवटैः उपोष्ण, समशितोष्ण र शितोष्ण हावापानीयुक्त उर्वरभुमि भएको कृषि प्रधान पालिका हो । यहाँका कृषकहरुलाई उन्नत वीउ-विजन तथा उन्नत जातको पशुपंक्षी उपलब्ध गराई आधुनिक प्रविधिले सुसज्जित गर्न सकेमा पालिकाबाट भइरहेको विद्यमान कृषक पलायनलाई रोकी थप रोजगार सृजना गर्न सकिन्छ।

वर्तमान अवस्थालाई मध्यनजर गर्दै दिप्रुङ चुइचुम्मा गाउँपालिकाको कृषि तथा पशुपालन विकास गरी कृषिमा आत्मनिर्भर गर्न कामका लागि एवं पलायन हुने जनशक्तिलाई कृषि पेशातर्फ उत्प्रेरित गराई आर्थिक विकास तथा रोजगारी सिर्जना गर्ने गाउँपलिकाको नीति र वर्तमान अवस्थालाई दृष्टिगत गरी कृषि उत्पादन बढाउन, कृषि कार्यमा उत्प्रेरणा बढाउन कृषकहरुलाई उत्पादनका आधारमा प्रोत्साहन गर्ने उद्धेश्य आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम लागू गरी दिप्रुङ चुइचुम्मा गाउँपालिकाको प्रशासकीय कार्यविधि निर्माण गर्न बनेको ऐन, २०७५ को दफा ४ बमोजिम स्थानीय सरकार सञ्चालन ऐन २०७४ को अधिकार प्रयोग गरी यो कार्यविधि तयार गरिएको छ।

## १. संक्षिप्त नाम र प्रारम्भः

१.१ यस कार्यविधिको नाम 'कृषि तथा पशुपंछी प्रोत्साहन सम्बन्धी कार्यविधि २०८१' रहेको छ।

१.२ यो कार्यविधिको गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

## २. परिभाषा

विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) 'कार्यविधि' भन्नाले 'कृषि तथा पशुपंछी प्रोत्साहन सम्बन्धी कार्यविधि २०८१' भन्ने बुझ्नु पर्छ।

ख) 'कार्यपालिका' भन्नाले दिप्रुङ, चुइचुम्मा गाउँपालिकाको गाउँ कार्यपालिका बुझ्नुपर्दछ।

ग) 'कृषक' भन्नाले यस गाउँपालिका क्षेत्रभित्र आफ्नो वा अन्य व्यक्तिको जग्गामा खेती किसानी गरी कृषिजन्य उत्पादन तथा पशुपालन गर्ने व्यक्ति बुझ्नु पर्दछ।



२०८१।१।२८
लोकेन्द्र राई
गाउँपालिका अध्यक्ष

घ) 'समिति' भन्नाले यस गाउँपालिकामा गठित विभिन्न समिति तथा यस कार्यविधिमा उल्लेखित समितिहरु बुझ्नुपर्दछ।

ङ) 'परिवार' भन्नाले एकाघरको वंशज छोराछोरी विबाह भई नछुट्टिएको एउटै खेतीमा आश्रित हुने परिवार बुझ्नु पर्दछ।

३. **उद्देश्यः यो कार्यविधिका उद्देश्यहरु देहाय बमोजिम हुनेछ।**

क) दिप्रुङ चुइचुम्मा गाउँपालिका अन्तर्गत ७ वटा वडाहरुको खेतीयोग्य जमिनहरुको उपयोगबाट कृषि जन्य वस्तु उत्पादनमा वृद्धि गर्ने।

ख) खाद्यान्न उत्पादन बढाई खाद्यन्न आपुर्तिको सुनिश्चतता गर्ने।

ग) कृषि तथा पशु पेशालाई व्यावसायिक तथा आयअर्जनमूलक बनाउने।

घ) कृषि तथा पशु पेशालाई सम्मानित पेशामा रुपान्तरण गर्ने।

ङ) कृषकहरु कृषि पेशाप्रति आर्कषित गर्ने।

च) रोजगारीको अवसर सिर्जना गर्ने।

छ) कृषिजन्य उत्पादनको आयातलाई न्युनिकरण गरी निर्यातमुखी बनाउने।

ज) व्यवसायिक कृषकहरुलाई कृषि उत्पादनसँग सम्बन्धित औजारमा अनुदान प्रविधियुक्त कृषि व्यवसायमा उन्मुख गराउने।

झ) नगदेबाली तथा पशुजन्य उत्पादन क्षेत्रमा कृषक प्रोत्साहनमुखी कार्यक्रम सञ्चालन गर्ने।

ञ) कृषिजन्य उत्पादनहरुको बजार प्रवन्ध, प्रवर्द्धन तथा व्यवस्थापन गर्ने।

ट) उत्पादित कृषि उपजहरुको भणडारण संरक्षण तथा प्रशोधनको लागि व्यवस्था मिलाउन कृषकहरुलाई प्रेरित गर्ने।

४. **सीमाः** यो गाउँपालिकामा आर्थिक वर्ष २०८०/०८१ बाट लागू भई अर्को व्यवस्था नहुन्जेलसम्मका लागि मान्य हुनेछ।

२०८१/१/२८
लोकेन्द्र राई
गाउँपालिका अध्यक्ष

५. पुरस्कारको मापदण्डः

५.१ यस कार्यविधि अनुसार तपशिलमा उल्लेखित कृषिजन्य उत्पादन गर्ने परिवारले तपशिल उल्लेख भए बमोजिमको पुरस्कार तथा प्रोत्साहन स्वरुप प्रदान गरिनेछ।

| क.स. | वाली तथा पशु विवरण | उत्पादन परिमाण | प्रोत्साहन राशी | प्रोत्साहन विवरण | कैफियत |
|---|---|---|---|---|---|
| १. | बाखा | २५ माउ | १ लाख | आ.व.२०८०/८१ | |
| २. | बङ्गुर | ५ माउ | १ लाख | " | |
| ३. | अमिलो जातको फलफूल | उत्पादनको आधारमा | १ लाख | " | |
| ४. | किवी फलफूल | उत्पादनको आधारमा | १ लाख | " | |
| ५. | तरकारी खेती (टमाटर, काउली आदी) | उत्पादनको आधारमा | १ लाख | " | |
| ६. | कुखुरा | फर्म दर्ता भई २०० भन्दा बढी लोकल कुखुराको हकमा | १ लाख | " | |

५.२ उपदफा ५.१ मा जुनसुकै कुरा लेखिएता पनि समय सापेक्ष अन्य कृषि उत्पादनलाई पनि प्रोत्साहन गर्दै लगिनेछ।

६. पुरस्कार प्रास गर्न योगय कृषक छनौटका मापदण्डहरुः

(क) पुरस्कारको मापदण्डमा तोकिएको उत्पदान एक संङ्गोल परिवारले गरेको हुनु पर्ने छ।

(ख) जग्गा आफ्नो वा अरु कसैको नाममा दर्ता भएको भए पनि फरक पर्ने छैन।

(ग) कामदर राखी उत्पादन गरेको हुन नहुने तर समय समयमा खेंताला लगाएको भए बाधा पर्ने छैन।

(घ) कृषक दिप्रुङ चुइचुम्मा गाउँपालिकाको स्थायी बासिन्दा हुनु पर्ने वा उत्पादन दिप्रुङ चुइचुम्मा भित्र गरेको हुनु पर्नेछ।

२०८१।१।२५
लोकेन्द्र राई
गाउँपालिका अध्यक्ष

(ङ) कृषि उपजको मूल्याङ्कन अनुगमन गाउँपालिकाले तोकेको समयमा तोकेको समितिबाट हुनेछ।

(च) निरन्तर प्रोत्साहन पाउनका लागि सहभागिले कृषकले तोकिएको बालीमा प्रतिबर्ष थप १० प्रतिशतले उत्पादन वृद्धि गर्दै लैजानु पर्नेछ।

(छ) अमिलो फलफूलको हकमा भने अनुगमन गरी सकेपछी परिणाममा उत्पादन गर्ने सबै भन्दा बढी छ त्यसको हक मा प्रोत्साहन दिईने छ।

## ७. पुरस्कार प्राप्त गर्ने योग्य कृषक छनौटको प्रकृयाः

पुरस्कार प्राप्त गर्न योग्य कृषक छनौटका लागि तपशिलका प्रक्रियाहरु अवलम्बन गर्नु पर्नेछ।

क) यस कार्यविधिको दफा ९.१ बमोजिमको गाउँपालिका स्तरीय अनुगमन समिति/प्राविधिक समितिको अनुगमन प्रतिवेदन।

## ८. बजेट निकासा तथा खर्च प्रकृयाः

क) दिप्रुङ चुइचुम्मा गाउँपालिकाको गाउँसभाद्धारा बजेटको व्यवस्था गरिने छ।

ख) प्रोत्साहन प्राप्त गर्न योग्य कृषकहरुलाई पाउने रकम सिधै उनीहरुको बैक खातामा रकम उपलब्ध गराईनेछ।

## ९. अनुगमन तथा मूल्याङ्कनः

९.१ यस दिप्रुङ चुइचुम्मा गाउँपालिकाभित्रका पुरस्कृत हुने कृषकहरु मापदण्ड अन्तर्गत भए नभएको अनुगमन गाउँपालिकास्तरीय अनुगमन समिति वा प्राविधिक समितिले गर्नेछ।

प्राविधिक समिति यसप्रकार रहनेछः

१. गाउँपालिका अध्यक्ष तथा कृषि पशु विकास समिति संयोजक- संयोजकः
२. गाउँपालिका उपाध्यक्ष - सदस्यः
३. आर्थिक विकास समितिको संयोजक - सदस्यः
४. प्रमुख प्रशासकीय अधिकृत - सदस्यः
५. लेखा प्रमुख वा लेखा फाँटको कर्मचारी - सदस्यः
६. पशु स्वास्थ प्राविधिक - सदस्यः



२०७९।१।२८
लोकेन्द्र राई
गाउँपालिका अध्यक्ष

७. सम्बन्धित शाखाको शाखा प्रमुख -सदस्य सचिवः

१०. कार्यक्रम सञ्चालन प्रक्रिया, प्राविधिक मूल्याङ्कन जाँचपास र फरफारकः

१. यस कार्यविधि बमोजिम लाभग्राहीको रुपमा छनौट हुन चाहने किसानहरुले कार्यालयको निवेदन माग गरे बमोजिमको निवेदन पेश गर्नुपर्ने छ।

२. उपदफा १ बमोजिम निवेदन प्राप्त भईसकेपछि प्राविधिक समिति/अनुगमन समितिले स्थलगत अनुगमन गरी कृषकले प्राप्त गर्ने रकम स्पष्ट खुल्ने गरी अनुसूचि ३ बमोजिमको अनुगमन प्रतिवेदन पेश गर्नु पर्दछ।

३. प्राविधिक समितिको प्रतिवेदनको आधारमा लाभग्राहीले पाउने रकम सम्बन्धित फर्मको बैक खाता मार्फत भक्तानी गरिने छ।

४. कृषि तथा पशुपंछी फर्म वा संस्था अनिवार्य गाउँपालिकामा दर्ता वा सूचिकृत भएको हुनुपर्ने छ।

५. भुक्तानीको लागि यस कार्यविधिमा उल्लेख नभएका कुराहरु प्रचलित कानून बमोजिम हुनेछ।

११. कसुर गरेको ठहरिनेः

११.१ पुरस्कार प्राप्त गर्ने प्रक्रियामा कृषकहरुले निम्न अनुसारको कार्य गरेमा कसुर गरेको ठहर गरिने छ।

क) छुट्टिसकेको विवाहित छोरा वा छोरी ( अंशबण्डा भईसकेको) हरुलाई एक संगोलको परिवार भनि झुटा विवरण पेश गरेको ठहर भएमा

ख) अन्य व्यक्तिहरको उत्पादनलाई आफ्नो (खरिद गरी) दाबी गरी प्रोत्साहन दाबी गरेमा।

ग) कार्यविधिमा उल्लिखित मापदण्ड पुर्याउन नाता गोता छरछिमेकको उत्पादन संगोल गरी प्रोत्साहन दाबी गरेमा।

घ) मापदण्ड विपरीत प्रलोभनमा परी कुनै व्यक्ती वा संस्थालाई प्रोत्साहनको लागि सिफारिस गरे वा गराएमा।

लोकेन्द्र राई
गाउँपालिका अध्यक्ष

१२. दण्ड तथा सजायः

१२.१ दफा ११ बमोजिम कसूर ठहर गरेको प्रमाणित भएमा निजहरुलाई निम्न अनुसार सजाय गरिने छ।

क) दफा ११.१ (क) बमोजिमको कसूर ठहर भएमा रु. २५००० जरिमाना गरिने छ।

ख) ११.१ (ख) बमोजिमको कसुर ठहर भएमा रू. ५०००० जरिमाना गरिने छ।

ग) दफा ११.१(ग) बमोजिमको कसूर ठहर भएमा रु. २५००० जरिमाना गरिने छ।

घ) दफा ११.१ (घ) बमोजिमको कसूर ठहर भएमा रु. २५००० जरिमाना गरिने छ।

ङ) उपदफा १२.१ मा जुनसकै कुरा लेखिएतापनि कसूरदार व्यक्तिबाट प्रोत्साहन बापत बुझिलिएको कम नगद वा जिन्सी असुल उपर गरी तोकिएको सजाय गरिने छ। यस सम्बन्धी निर्णय गाउँ कार्यपालिकाको बैठकले गर्ने छ।

१३. दोहोरोपन हुन नहुनेः

१. सोही कार्यक्रम विस्तारको लागि गाउँपालिका वा अन्य किनै सरकारी निकायबाट अनुदान स लाभग्राहीलाई यो कार्यक्रममा समावेश गरिने छैन।

२. नेपाल सरकारबाट सामाजिक सुरक्षाबाहेक अन्य सुविधा उपभोग गरिरहेका लाभग्राहीलाई पनि यो कार्यक्रम समावेश गरिने छैन।

३. समावेश भईरहेका लाभग्राहीलाई पुनः सोहि कार्यक्रममा समावेश गरिने छैन।

१४. कार्यविधिको संशोधनः

यस कार्यविधिलाई संशोधन गर्न आवश्यक परेमा गाउँ कार्यापालिको बैठकले आवश्यक संशोधन गर्ने छ।

१५. बचाउ र खारेजीः

क) यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा स्थानीय सञ्चालन ऐन २०७४ तथा नेपालको प्रचलित कानुनसँग बाझिएको खण्डमा स्वतः खारेज हुनेछ।

२०७९।१।२६
लोकेन्द्र राई
गाउँपालिका अध्यक्ष

अनुसूची-१
आवेदन ढाँचा

मितिः

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
दिप्रुङ चुइचुम्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
याङसोलाटार, खोटाङ।

विषयः प्रोत्साहन कार्यक्रममा सहभागी गराईदिनु हुन।

महोदय,

प्रस्तुत विषयमा दिपर्ङ चुइचुम्मा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट आ.व. २०८०/०८१ मा वितरण गरिने कृषिमा आत्मनिर्भर प्रोत्साहन कार्यक्रम............................ कार्यविधिमा तोके बमोजिम मैले .......................... उत्पादन गरिरहेको हुनाले सो कार्यक्रममा समावेश गरिदिनु हुन हार्दिक अनुरोध गर्दछु।

निवेदनः
नामः
ठेगानाः
संस्थाको नामः
सम्पर्क नम्बरः

लोकेन्द्र राई
गाउँपालिका अध्यक्ष

## अनुसूची -२
## अनुगमन

मितिः

कृषकको नामः

ठेगानाः

संस्थाको नामः

| क्र.स. | विवरण | उत्पादन | कैफियत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |

जम्मा उत्पादन अनुसार भुक्तानी दिनु पर्ने रकम रू.........................

अनुगमन/प्राविधिक समितिका पदाधिकारी

नामः हस्ताक्षर

१.

२.

३.

४.

५.

६.

७.

लोकेन्द्र राई
गाउँपालिका अध्यक्ष